**National News Bulletin**

**May 28, 2024**

**प्रमुख समाचार:**

- लोकसभा चुनावको अन्तिम चरणको प्रचारप्रसार तीव्र
- सर्वोच्च अदालतको अवकाशकालीन पीठद्वारा दिल्लीका मुख्यमन्त्रीद्वारा आफ्नो अन्तरिम जमानत सात दिनका लागि लम्ब्याउन दायर गरिएको निवेदन सूचीकरण गर्न अस्वीकार
- भारत र लिबियाबीच द्विपक्षीय सम्बन्ध सम्बन्धी छलफल
- राष्ट्रिय अनुसन्धान एजेन्सीद्वारा साइबल ठगीमा संलग्न गिरोह विरुद्ध ठूलो कारबाही
- अखिल भारतीय फुटबल संघले अज्बेकिस्तानविरुद्ध मैत्रीपूर्ण खेलका लागि गऱ्यो भारतीय महिला टोलीको घोषणा

------------------------------------------------------------

**Final Campaign in swing**

लोकसभा चुनावको अन्तिम चरणको प्रचारप्रसार तीव्र भएको छ। राजनीतिक दलहरूका शीर्ष नेताहरूले जनसभा र रोड शो गरिरहेका छन्। यस चरणमा पहलो जूनका दिन आठ राज्का सन्ताउन्न सीटमा मतदान हुनेछ। मतगणना चार जूनका दिन हुनेछ। उत्तर प्रदेशका मुख्यमन्त्री श्री योगी आदित्यनाथले आज गोरखपुरबाट भाजपा उम्मेदवार श्री रवि किशनका लागि प्रचार गर्नुभयो। उत्तर प्रदेशका उपमुख्यमन्त्री श्री केशवप्रसाद मौर्यले पनि गोरखपुर जिल्लाको बाँसगाउँ क्षेत्रमा एक ऱ्यालीलाई सम्बोधन गर्नुभयो। अर्कोतर्फ समाजवादी पार्टीका अध्यक्ष श्री अखिलेश यादवले आज कुशीनगर जिल्लामा ऱ्यालीको नेतृत्व गर्नुभयो। उहाँले वाराणसीको मोहन सराय क्षेत्रमा कांग्रेसका वरिष्ठ नेता श्री राहुल गान्धीसँग संयुक्त रूपमा राजनीतिक ऱ्यालीलाई सम्बोधन गर्नुभयो। दुवै नेताले बाँसगाउँ लोकसभा निर्वाचन क्षेत्रको परिवर्तन सङ्कल्प सभालाई पनि संयुक्त रूपमा सम्बोधन गर्नुभयो।

**SC-KEJRIWAL**

सर्वोच्च अदालतको अवकाशकालीन पीठले दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवालद्वारा कथित मदिरा नीति घोटालासँग सम्बन्धित मनी लान्ड्रिङ मुद्दामा आफ्नो अन्तरिम जमानत सात दिनका लागि लम्ब्याउन  दायर गरिएको निवेदनलाई सूचीकरण गर्न अस्वीकार गरेको छ। न्यायाधीश जेके महेश्वरी र केवी विश्वनाथनको पीठले अदालतको अर्को पीठद्वारा पहिले नै फैसलाका लागि आरक्षित मुद्दामा दायर गरिएको निवेदनमा हस्तक्षेप गर्न नसकिने बताएको छ। अवकाशकालीन पीठले श्री केजरीवालको तर्फबाट उपस्थित वरिष्ठ अधिवक्ता डा. अभिषेक मनु सिंघवीलाई सूचीकरण गर्न उपयुक्त आदेशका लागि प्रधानन्यायाधीशसँग सम्पर्क गर्न निर्देशन दिएको छ। यसअघि, न्यायमूर्ति सञ्जीव खन्ना र दिपङ्कर दत्तको पीठले मनी लान्ड्रिङ ऐन अन्तर्गतको आरोपपत्रमा प्रवर्तन निर्देशनालयले आफ्नो गिरफ्तारी खारेज गर्न दिल्लीका मुख्यमन्त्रीको निवेदनमा फैसला सुरक्षित राखेको थियो। यस महिनाको सुरुमा फैसलाका लागि मुद्दा सुरक्षित राख्दा, पीठले श्री केजरीवाललाई मनी लन्ड्रिङ ऐनको धारा 45 अन्तर्गत वैधानिक जमानतका लागि आवेदन गर्न स्वतन्त्रता दिएको थियो।

**INDIA -LIBYA**

भारत र लिबियाले आज आफ्नो द्विपक्षीय सम्बन्धलाई बलियो बनाउन विभिन्न पक्षबारे छलफल गरेका छन्। विदेश राज्यमन्त्री श्री वी. मुरलीधरनले लिबियाका राजनीतिक मामिलाका उपमन्त्री श्री एच.ई. मोहम्मद खलील ईसासँग नयाँ दिल्लीमा भेट गर्नुभयो। भेटघाटको क्रममा दुवै पक्षले दुई देशबीचको सहयोगलाई थप सुदृढ गर्न चालिने आगामी चरणहरू पनि पहिचान गरेको श्री मुरलीधरनले एक सामाजिक सञ्जाल पोस्टमा जानकारी दिनुभएको छ।

**Mizoram Earthquake**

मिजोरममा आइजलबाट करिब चार किलोमिटर टाढा रहेको हलिमेनमा आज बिहान पहिरोमा परी कम्तीमा १२ जनाको मृत्यु भएको छ। चक्रवात रेमालका कारण गएरातिदेखि भारी वर्षा र हावाहुरी चलिरहेको छ। उद्धार कार्य तीव्र गतिमा भइरहेको हाम्रो संवाददाताले जानकारी दिएका छन्। लगातारको वर्षाले मिजोरममा जनजीवन अस्तव्यस्त बनेको छ। पहिरो र रुख ढलेका कारण धेरै ठाउँमा सडक क्षतिग्रस्त भएको छ। राजधानी आइजल सहरमा दोकानहरू बन्द छन् भने सडकमा सार्वजनिक यातायात पनि चलेको छैन। यसैबीच मुख्यमन्त्री श्री लाल-दुहोमाले प्राकृतिक प्रकोप उद्धार कोषमा 15 करोड रुपियाँ दिने घोषणा गर्नुभएको छ। राज्य सरकारले सबै सरकारी कार्यालय र विद्यालय बन्द गर्ने घोषणा गरेको छ।

## Papua New Guinea-India

भारतले पपुवा न्युगिनीमा गएको विनाशकारी पहिरोलाई ध्यानमा राख्दै राहत, पुनःस्थापना र पुनर्निर्माणका प्रयासहरूमा सहयोग गर्न १० लाख अमेरिकी डलर सहयोग गर्ने घोषणा गरेको छ। गत २४ तारिख पपुवा न्यू गिनीको एन्गा प्रान्तमा विनाशकारी पहिरो गएको थियो। यस पहिरोमा सयौँ मानिस पुरिएका थिए भने जनधनको ठूलो क्षति भएको थियो। विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, भारत यस प्राकृतिक प्रकोपबाट उत्पन्न कठिन समय र विनाशमा पपुवा न्यू गिनीको साथमा छ। मन्त्रालयले प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन भारतको हिन्द-प्राशान्त महासागर पहल-आई.पी.ओ.आई.-को प्रमुख स्तम्भ भएको बताएको छ। यस अन्तर्गत भारत मानवीय सहायता र प्रकोप राहतका लागि प्रतिबद्ध छ।

## NIA-Cyber crime

राष्ट्रिय अनुसन्धान एजेन्सी, एन.आई.ए-ले मानव बेचबिखन तथा साइबर ठगीमा संलग्न गिरोह विरुद्ध ठूलो कारबाही गर्दै, पाँच जनालाई पक्राउ गरेको छ। राज्य पुलिस बलहरूको संयुक्त कार्यको एक भागको रूपमा, हिजो छ राज्य र केन्द्र शासित प्रदेशका 15 स्थानहरूमा खोजी गरिएको थियो। यी आरोपीहरूलाई वडोदरा, गोपालगञ्ज, दक्षिण-पश्चिम दिल्ली, गुरुग्राम र चण्डीगढबाट पक्राउ गरिएको हो। उनीहरू सबै एक नेटवर्कमा काम गर्थे जसले भारतीय युवाहरूलाई रोजगारीको झूटो आश्वासन दिई विदेश लैजान्थे। विदेश पुगेपछि यी युवाहरूलाई लाओस र कम्बोडियाजस्ता ठाउँमा नक्कली कल सेन्टरमा गैरकानूनी रूपमा काम गर्न बाध्य पारिएको थियो। संयुक्त कारबाहीका क्रममा डिजिटल उपकरण, राहदानी, नक्कली रोजगार पत्र लगायतका अपराधिक सामग्री बरामद गरिएको छ। यस सम्बन्धमा, विभिन्न राज्यहरूमा आठ नयाँ एफ.आई.आर दर्ता गरिएको छ। यस महिनाको सुरुमा, एन.आई.ए अनुसन्धानले खुलासा गरेअनुसार गिरोहको व्यापक अन्तर्राष्ट्रिय सम्बन्ध हुनुका साथै अवैध रूपमा सीमा पार गर्ने र साइबर जालसाजी गतिविधिमा संलग्न थियो। यस विषयमा थप अनुसन्धान भइरहेको छ।

## Menstruation Day

आज मासिकधर्म स्वच्छता दिवस हो। यो दिवस मासिकधर्म सम्बन्धी कलङ्क हटाउन र मासिकधर्म स्वच्छता व्यवस्थापनलाई सबैका लागि पहुँचयोग्य बनाउन गरिएको विश्वव्यापी आन्दोलन हो। यस वर्षको विषय **मासिकधर्म मैत्री विश्व** रहेको छ। यो दिवसले मासिकधर्म हुने हरेक महिलासँग आफ्नो मासिकधर्मलाई सम्मानपूर्वक व्यवस्थापन गर्नका लागि ज्ञान र स्रोत भएको सुनिश्चित गर्ने आवश्यक सामूहिक प्रयासलाई जोड दिन्छ। सबैभन्दा पहिला जर्मनीको गैरसरकारी संगठन, **वश युनाइटेड-**ले सन् 2013 मा यो दिवस मनाएको थियो।

## Jammu-Kashmir Heat

केन्द्र शासित प्रदेश जम्मू-कश्मीरको जम्मुमा हिजो चर्को गर्मी जारी रह्यो र अधिकतम तापक्रम ४३ डिग्री सेल्सियस पुगेको थियो। जम्मुमा दिनको तापक्रम ४२.८ डिग्री सेल्सियस र न्यूनतम तापमान २४.७ डिग्री सेल्सियस रहेको थियो। यस मौसमा पहिलो पटक, मे १६ मा जम्मुको अधिकतम तापक्रम ४० डिग्री सेल्सियस नाघेको थियो।

## Women Footbal Team

अखिल भारतीय फुटबल महासंघ, ए.आई.एफ.एफ-ले उज्बेकिस्तान विरुद्ध खेलिने  आगामी २ अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलका लागि आज २३ सदस्यीय भारतीय वरिष्ठ महिला टोलीको घोषणा गरेको छ। टोलीमा तीन गोलकिपर, आठ डिफेन्डर, आठ मिडफिल्डर र चार फरवर्ड छन्। पूर्व राष्ट्रिय खेलाडी लंगम चाओबा देवी मुख्य प्रशिक्षक रहेकी छिन्। भारतीय टोलीले आफ्नो पहिलो खेल आउँदो शुक्रबार उज्वेकिस्तानविरुद्ध खेल्नेछ भने दोस्रो खेल जून ४ मा हुनेछ। दुवै खेल उज्बेकिस्तानको राजधानी तास्कन्दमा हुनेछ। भारतीय टोली बुधबार भोली तास्कन्द जानेछ।

## Chess-India

भारतका ग्रान्डमास्टर आर. प्रज्ञानन्दले आज स्टावेङ्गरमा जारी नर्वे चेस प्रतियोगितामा पहिलो चरणमा सडन डेथ खेलमा फ्रान्सका फिरोजा अलिरेजालाई पराजित गर्दै उत्कृष्ट सुरुवात गरेका छन्। सामान्य टाइम कन्ट्रोलमा सहज बराबरी भएपछि प्रज्ञानन्दले सेतो पक्षबाट खेल्दै १० मिनेट पाए भने अलिरेजाले सात मिनेट पाए। तर बराबरी भएमा कालो पक्षबाट खेल्ने खेलाडीले थप अंक पाउने शर्त राखिएको थियो। यसै कुरा ध्यानमा राख्दै प्रज्ञानन्दले जोरदार प्रयास लगाएर उत्कृष्ट प्रदर्शन गर्दै जित दर्ता गराए।